लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय बर्दिया

गुलरिया, नेपाल

पत्र संख्याः २०८२/०८३
च.नं.: ४५९८

मितिः २०८३/०२/०७

**बिषयः सूचना वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री वन निर्देशनालय
बुटवल, रुपन्देही

प्रस्तुत बिषयमा डाँफे सामुदायिक वन, राजापुर नपा-४ घुमना, बर्दिया को प.सं. २०८२/०८३, च.नं.१४ मिति २०८३/०२/०७ को पत्रसाथ संलग्न वनपैदावार बिक्री सम्बन्धी सूचना यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराई दिनुहुन सादर अनुरोध छ ।

सिनियर डिभिजनल वन अधिकृत

**बोधार्थः**

श्री डाँफे सामुदायिक वन, राजापुर नपा-४ घुमना, बर्दिया : ताहाँबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाईटमा समेत अपलोड गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

# श्री डाँफे सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. ४. घुम्ना, बर्दिया

प.स. २०८२/०८३
च.नं. ९४

मिति: २०८३/२/०७

विषय: काष्ठ वन पैदावार गोलिया काठ/दाउरा वन पैदावार सूचना टाँसको जानकारी तथा Online गर्ने समबन्धमा ।

श्री डिभिजन वन कार्यालय बर्दिया
गुलरिया ।

उपर्युक्त विषयमा यस समुहबाट मिति २०८३/२/०७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित काठ/दाउरा वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना प्रकाशित भएकोले उक्त सूचनाको विस्तृत विवरण सहितको सूचना आ.व. २०८२/२०८३ मा संकलन वन पैदावार र काठ/दाउरा को विस्तृत सूचना पाना र लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय, बन निर्देशनालय र डिभिजन वन कार्यालय बर्दिया, गुलरियामा Online गरिदिनुहुन सादर अनुरोध छ ।

माधवलाल थारु
(अध्यक्ष)

अध्यक्ष

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं. ८९००
मिति :- २०८३/२/८

श्री डाँफे सामुदायिक वन उपभोक्ता समूह
राजापुर न.पा.-४, घुम्ना, बर्दिया

अध्यक्ष

## काठ, दाउरा र वेतको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८३।०२।०७ गते

जिल्ला बर्दिया, राजापुर नगरपालिका वडा नं. ४ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट उत्पादित जिल्ला बर्दिया, राजापुर नगरपालिका वडा नं. ४, घुम्ना घाट्गद्दीमा देहायको लटमा विभाजित निम्न परिमाणको काठ र वेत जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योग (नविकरण सहित) ले यो सूचना मध्यान्ह दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २२ (बाईसौं) दिन दिउँसो १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपसिल

१. वन पैदावारको विवरण

| लट नं. | वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण | दाउरा चट्टामा | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | ५ | खयर | N | गोलिया | ८८ | १२५.१५ घ.फि. | - | १२५१५० | प्रति घ.फि. रु. १२५/- साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | लट नं. १ को जम्मा | | | | ८८ | १२५.१५ | | १२५१५० | |
| २ | १ | बेत (Calamus spp.) | N | बण्डल | १३९ | २३७०.५५ के.जी. | - | ५९२६३.७५ | प्रति के.जी. रु. ३०/- साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| कुल जम्मा | | | | | | | | ५९२६३.७५ | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समयः २०८३।०२।२७ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः २०८३।०२।२८ गते अपरान्ह १२.०० बजे भित्र

३. बोलपत्रसाथ कबोल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लि., राजापुर शाखा कार्यालय, बर्दियामा रहेको खाता नं.

०२८००१०११४५४९९००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. लट नं. १ को प्रति बोलपत्र फाराम रु. १०००।— र लट नं. २ को प्रति बोलपत्र फाराम रु. ३००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय, बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र उद्योग सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहितको) पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।२८ गते यस समूहको कार्यालयमा दिउँसो २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट खोलिनेछ ।

८. लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्ध कर,सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

११. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।